प्रकाशनः 2026 साल 3 महिना/वसन्त ऋतु अंक

# नाकानो वडा विदेशी परामर्श काउन्टर सूचना पत्रिका

**नाकानो वडा कार्यालयको विदेशी परामर्श काउन्टरको बारेमा थाहा छ ?**

वडा कार्यालयबाट चिठीपत्र आएको छ के गर्दा होला ?
माइनम्बर कार्ड बनाउन चाहन्छु !
निःशुल्क जापानी भाषा पढ्न पाईने ठाउँ छ ?
बच्चालाई जापानी स्कुलमा पठाउन चाहन्छु ? आदि

दैनिक जीवनमा आईपरेका विविध समस्याहरूको बारेमा निर्धक्क भएर परामर्श गर्नुहोस् ।
आवश्यकता अनुसार वडा कार्यालयको सम्वन्धित विभाग अथवा अन्य संस्थाहरूको जानकारी दिइनेछ ।

## नाकानो वडा विदेशी परामर्श काउन्टर

**समय** कार्यालय खुल्ने दिन बिहान 10 बजेदेखि 12 बजेसम्म, दिउँसो 13 बजेदेखि 17 बजेसम्म
※ शनि, आइत, सार्वजनिक बिदा र वर्षको अन्त्य तथा नयाँ वर्षको बिदा

**डेस्क परामर्श** नाकानो वडा कार्यालयको 4 तला

**टेलिफोन परामर्श** 03-3228-8929 (सीधा सम्पर्क)

**भाषा** अंग्रेजी, चिनिया, जापानी भाषा
※ भाषा अनुवाद गर्ने ट्यावलेटमार्फत 30 वटा भाषाहरूमा परामर्श गर्न सकिनेछ ।

## 【विशेष परामर्श कार्यक्रम】 प्रशासनिक वकिलसँग परामर्श गर्न सक्नुहुनेछ ।

निवास अनुमति (भिषा) तथा जापानी नागरिकतासँग सम्बन्धित विषयमा प्रशासनिक वकिलसँग परामर्श लिन सकिन्छ । अग्रिम बुकिङ गरेका व्यक्तिलाई प्राथमिकता दिईनेछ ।

**समय** 3 महिना 17 (मंगल) 13 बजेदेखि 16 बजेसम्म

**स्थान** नाकानो वडा कार्यालयको 4 तला

बुकिङको लागि यहाँ जानुहोस् । ▶

## 【जापानी संस्कृतिको परिचय】

# साकुरा र फूल हेर्ने पर्व (हानामी)

मार्चको अन्त्यदेखि अप्रिलसम्म साकुरा अथवा पैयूँका फूलहरू एकैचोटी फुलेर फिक्का गुलावी हुन्छन्, जसलाई वसन्तको आगमनको प्रतीक मानिन्छ । साकुराका फूलहरू फुलेको मौसमले शैक्षिक वर्षको परिवर्तनलाई पनि संकेत गर्दछ । यस समयलाई पढाई सकिने र नयाँ पढाई शुरू हुने समयसँग जोडेर हेरिने गरिन्छ ।

साकुरा फुल्ने मौसम आउनु अघि मौसम पूर्वानुमानमा साकुरा कहिले फुल्छ, कहिले फुलेर भरिभराउ हुन्छ र कहिले झर्छ भनेर जानकारी दिने गरिन्छ । ढकमक्क फुलेका साकुराको रूखमुनि बसेर खाना खाने, पेय पदार्थ पिउने चलनलाई साकुराको फुल हेर्ने अर्थात 'हानामी' भनेर भनिन्छ । साकुराको फुल हेर्नको लागि प्रख्यात पार्कहरूमा हरेक वर्ष साकुराको फेदमा वस्ने कुरा ओछ्यएर खाने पिउने गरी फूल हेरेर आनन्द लिएरहेको देख्न सकिनेछ ।

「स्वतन्त्र प्रशासनिक निगम जापान फाउण्डेसन जापानी भाषा अन्तर्राष्ट्रिय प्रतिष्ठान」

## राष्ट्रिय पेन्सन तिर्ने विद्यार्थीका लागि विशेष छुट

### 2026 का लागि अप्रिल 1 देखि आवेदन शुरू

यो प्रणाली जापानभित्रका विद्यालयमा अध्ययनरत 20 वर्ष माथिका विद्यार्थीहरू जसलाई राष्ट्रिय स्वास्थ्य पेन्सन बीमा शुल्क तिर्न गाह्रो हुन्छ, उनीहरूको भुक्तानी केही समयका लागि स्थगित गर्ने प्रणाली हो । यसका लागि हरेक आर्थिक वर्षमा आवेदन दिन आवश्यक पर्दछ ।

※आवश्यक कागजातहरू (जाइर्यु कार्ड, विद्यार्थी परिचय पत्र) अथवा आवेदकको आयको आधारमा हुने सीमाना, लागू नहुने विद्यालयहरूको बारेमा विस्तृत जानकारी वडाको होमपेज अथवा राष्ट्रिय पेन्सन विभागमा सम्पर्क गर्नुहोस् ।

**आवेदन प्रकृया**
- हुलाक मार्फत
- नाकानो-कुको कार्यालय राष्ट्रिय पेन्सन विभागको काउन्टर
- माइ नम्बर कार्ड प्रयोग गरेर माइना पोर्टलदेखि विद्धुतीय अवेदन

**सम्पर्क** राष्ट्रिय पेन्सन फाँट
☎03(3228)5514

विस्तृत जानकारीको लागि होम पेजमा हेर्नुहोस् । ▶

## विश्व शिशु महोत्सव

जापानमा धेरै देशका आमा-बाबुहरूले आफ्ना बालबच्चा हुर्काइरहेका छन् । 「विश्व शिशु महोत्सव」मा 「जन्म घर」 भन्ने विषयवस्तुमा नेपाल, म्यानमार, चीन लगायतका देशका 「जन्म घर」 वुथहरू प्रस्तुत गरिन्छ । आफ्नो देश भन्दा फरक वातावरणमा बालबच्चा हुर्काइरहेका नयाँ अनुभवले धेरै नयाँ कुराहरू सिक्न र पत्ता लगाउन सकिन्छ♪
प्रवेश निःशुल्क ।
★डायपर फेर्न र स्तनपान गराउने स्थानको व्यवस्था गरिन्छ ।
★गड्डी सहित हरेक वुथ घुम्न सक्नुहुनेछ ।

**समय** 3 महिना 29 तारिक (आइत)
विहान 11 बजेदेखि अपरान्ह 16 बजेसम्म
(खुल्ने समयः विहान 10 बजेर 45 मिनेट)

**स्थान** तोशिमा सेन्टर स्क्वायर
(तोशिमा वडा कार्यालयको 1 तला)

**सम्पर्क** एनपिओ होउजिन मदर्स ट्रि जापान
☎070(8597)2340

विस्तृत जानकारीको लागि इभेन्टको होम पेजमा हेर्नुहोस् । ▶

## नाकानो दोउरी साकुरा महोत्सव

「नाकानो दोउरी साकुरा महोत्सव」सन् 1987 मा शुरू भएको लामो इतिहास रहेको वसन्त ऋतुको एक परम्परागत उत्सव हो । ढकमक्क फुलेको साकुराको सौन्दर्य र रौनकपूर्ण जीवन्त कार्यक्रमहरूले सजिएको मनै रोमाञ्चित गराउने साकुरामय मौसमको आनन्द लिनुहोस् ।

### आराई याकुशी पार्क इभेन्ट

आराई याकुशी पार्कमा खानाका स्टलहरू राखिन्छन् । विभिन्न परिकारहरूको स्वाद लिन सक्नुहुनेछ भने स्टेजमा प्रदर्शन गरिने विभिन्न कार्यक्रमहरू हेरेर पनि आनन्द लिन सक्नुहुनेछ ।

**समय** 3 महिना 28 तारिक (शनि) र 29 तारिक (आइत)

**स्थान** आराई याकुशी पार्क (आराई 5-4)

**सम्पर्क** अराई-कु सामुदायिक गतिविधि केन्द्र सञ्चालन समिति
☎03(3389)1310



### नाकानो दोउरीका पंक्तिवद्ध साकुराका रूखहरू र लाइट-अप

नाकानो स्टेशन वरपर तथा नाकानो–दोउरीलाई केन्द्रमा राखी, लाइट-अप र जापानी लालटिनद्वारा सजावट गरिन्छ।

**कार्यान्वयन अवधि** 3 महिना मध्यदेखि 4 महिनाको शुरूतिरसम्म

**स्थान** नाकानो स्टेशन वरपर तथा नाकानो सडक (नकानो–दोउरी) आसपासको क्षेत्र



प्रकाशकः नाकानो कु, नागरिक मामिला विभाग, नागरिक सेवा शाखा, नागरिक परामर्श इकाई
विदेशी परामर्श काउन्टर 03(3228)8929 (सीधा सम्पर्क)
〒164-8501 नाकानो कु, नाकानो 4-11-19 नाकानो वडा कार्यालयको 4 तला
वर्षमा 4 पटक (6 महिना, 9 महिना, 12 महिना, 3 महिना) जापानी, अंग्रेजी, चिनियाँ र नेपाली भाषामा प्रकाशित गरिनेछ ।